# गण्डकी प्रदेश वन्यजन्तु उद्धार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

गण्डकी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

पोखरा

२०८१ माघ ३

विषयसूची

**परिच्छेद - १ प्रारम्भिक**


१. संक्षिप्त नाम र प्रारम्भः ........................................................ २
२. परिभाषाः ........................................................ २
३ . केन्द्रको उद्देश्यः ........................................................ ३


परिच्छेद -२ केन्द्र स्थापना, सञ्चालन तथा व्यवस्थापन


४ . केन्द्रको स्थापनाः ........................................................ ४
५. केन्द्रको सञ्चालन तथा व्यवस्थापनः ........................................................ ४
६. प्रदेश सरकारमार्फत केन्द्रको सञ्चालन तथा व्यवस्थापनः ........................................................ ४
७. वन समूह मार्फत केन्द्रको सञ्चालन तथा व्यवस्थापनः ........................................................ ५
८. संस्था मार्फत केन्द्र सञ्चालन र व्यवस्थापनः ........................................................ ५
९. केन्द्रको कार्यालय रहने स्थानः ........................................................ ६
१०. निर्देशन समिति सम्बन्धी व्यवस्थाः ........................................................ ६
११. व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः ........................................................ ७
१२. बजेट सम्बन्धी व्यवस्थाः ........................................................ ७
१३. जनशक्ति सम्बन्धी व्यवस्थाः ........................................................ ८
१४. लेखा र जिन्सी सम्बन्धी व्यवस्थाः ........................................................ ९
१५. भौतिक पूर्वाधार सम्बन्धी व्यवस्थाः ........................................................ ९
१६. वन्यजन्तुको लगत र हेरचाह सम्बन्धी व्यवस्थाः ........................................................ ९
१७. वन्यजन्तुको ओसारपसार सम्बन्धी ब्यवस्थाः ........................................................ १०


**परिच्छेद ३ वन्यजन्तु उद्दार र व्यवस्थापन**


१८. वन्यजन्तु उद्दार सम्बन्धी व्यवस्थाः ........................................................ १०
१९. वन्यजन्तुको उपचारः ........................................................ १०
२०. प्राकृतिक बासस्थानमा छाड्नु पर्नेः ........................................................ ११
२१. पुनर्स्थापना गर्न नसकिने वन्यजन्तुको व्यवस्थापनः ........................................................ ११
२२. वन्यजन्तुको पालन पोषण सम्बन्धी व्यवस्थाः ........................................................ ११
२३. वन्यजन्तुको अवलोकन सम्बन्धी व्यवस्थाः ........................................................ १२


परिच्छेद ४ वन्यजन्तु लठ्याउने र मृत्युपछिको व्यवस्थापन


२४. वन्यजन्तुलाई लठ्याउने सम्बन्धी ब्यवस्थाः ........................................................ १२
२५. वन्यजन्तुको मृत्यु भएमा गरिने व्यवस्थाः ........................................................ १३


**परिच्छेद-५ विविध**


२६. सुरक्षा सम्बन्धी ब्यवस्थाः ........................................................ १४
२७. उपचार र राहत सम्बन्धी ब्यवस्थाः ........................................................ १३

२८. क्षमता विकास सम्बन्धी व्यवस्था: .................. १५
२९. प्रतिवेदन पेश गर्नु पर्नेः .................. १५
३०. कार्यविधिमा संशोधनः .................. १५
३१. कर्तव्य हुनेः .................. १५
३२. विवाद निरुपणः .................. १५
३३. बचाउः .................. १५

**अनुसूचीहरु**

अनुसूची-१ उद्दार केन्द्र सञ्चालन गरिने कार्यहरु
अनुसूची-२ केन्द्र सञ्चालन तथा व्यवस्थापनमा चाहिने न्यूनतम जनशक्ति र दरबन्दी
अनुसूची-३ समूहद्वारा सञ्चालन तथा व्यवस्थापन केन्द्रमा चाहिने न्यूनतम जनशक्ति र दरबन्दी
अनुसूची-४ उद्दार केन्द्र हुनु पर्ने न्यूनतम भौतिक पूर्वाधार र उद्दार सामग्रीहरु
अनुसूची-५ उद्दार केन्द्रमा रहेका वन्यजन्तुको लगत
अनुसूची-६_वन्यजन्तु ओसारपसार गर्दा अपनाउनु पर्ने प्रक्रियाहरु
अनुसूची-७ उद्दार गरिएका वन्यजन्तुको विवरण
अनुसूची-८ उद्दार केन्द्रमा वन्यजन्तु प्राप्त भैसके पछि राख्नु पर्ने विवरण
अनुसूची-९ घाइते वा रोगी वन्यजन्तुहरुको उपचार र औषधीको विवरण
अनुसूची-१० पुनः प्राकृतिक वासस्थानमा छोड्न लागिएको वन्यजन्तुको विवरण
अनुसूची-११ वन्यजन्तुहरुको खाना, पोषणको विवरण
अनुसूची-१२ केन्द्रमा अवलोकन र अन्य क्रियाकलाप गर्दा लाग्ने शुल्क
अनुसूची-१३ पर्यटकहरुको विवरण
अनुसूची-१४ वन्यजन्तुलाई लठ्याउन डार्ट गर्दा अपनाउनु पर्ने प्रक्रियाहरु
अनुसूची-१५ उद्दारको क्रममा मृत्यु भएका वा मृत भेटिएका वन्यजन्तुको अभिलेख

## गण्डकी प्रदेश वन्यजन्तु उद्दार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

<u>**प्रस्तावना:**</u> वन क्षेत्र बाहिर र वन क्षेत्रमा पाइएका टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त अङ्गभङ्ग भएका वन्यजन्तुको समयमै उद्दार, उपचार, पालनपोषण, संरक्षण र व्यवस्थापन गरी मानव र वन्यजन्तु वीच सहअस्तित्व कायम गराइ मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गरी सर्वसाधारण जनतामा सुरक्षाको प्रत्याभूति दिने उद्देश्यले गण्डकी प्रदेश वन ऐन, २०८० को दफा ११२ ले दिएको अधिकार प्रयोग गरी,

गण्डकी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस कार्यविधिको नाम "गण्डकी प्रदेश वन्यजन्तु उद्दार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि गण्डकी प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"उद्दार कर्ता"** भन्नाले उद्दार गर्नुपर्ने वन्यजन्तुलाई उद्दार र ढुवानी गरी उद्दार केन्द्रसम्म पुऱ्याउने दक्ष प्राविधिक सहितको समूहलाई सम्झनु पर्छ।

(ख) **"उद्दार गर्ने क्षेत्र"** भन्नाले संरक्षित क्षेत्र, राष्ट्रिय वन क्षेत्र, शहर/गाउँबस्ती र अन्य वन क्षेत्र बाहेकको क्षेत्रलाई सम्झनु पर्छ।

(ग) **"ऐन"** भन्नाले गण्डकी प्रदेश वन ऐन, २०८० सम्झनु पर्छ।

(ङ) **"केन्द्र"** भन्नाले उद्दार गरिएका वन्यजन्तुको उपचार, संरक्षण र व्यवस्थापनको लागि छुट्याएको वन्यजन्तु उद्दार तथा व्यवस्थापन केन्द्रलाई सम्झनु पर्छ।

(च) **"घाइते र अशक्त वन्यजन्तु"** भन्नाले वन्यजन्तु-वन्यजन्तु बीचको द्वन्द्व, मानव-वन्यजन्तु द्वन्द्व, चोरी शिकारी, प्राकृतिक प्रकोप र अन्य कुनै कारणबाट घाइते, अंगभङ्ग भएको तथा बिरामी वन्यजन्तुलाई सम्झनु पर्छ।

(छ) **"टुहुरा वन्यजन्तु"** भन्नाले माउसँग छुट्टिएर बेवारिसे अवस्थामा फेला परेका वन्यजन्तुका बच्चा वा अर्ध वयस्कलाई सम्झनु पर्छ।

(ज) **"निर्देशन समिति"** भन्नाले दफा १० बमोजिमको गठित निर्देशन समितिलाई सम्झनु पर्छ।

(झ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तर्गतको वन निर्देशनालय सम्झनु पर्छ।

(ञ) **"प्रबन्धक"** भन्नाले वन्यजन्तु उद्दार तथा व्यवस्थापन केन्द्रको प्रमुखलाई सम्झनु पर्छ।

(ट) **"प्रदेश सरकार"** भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्दछ।

(ठ) **"नियमावली"** भन्नाले गण्डकी प्रदेश वन नियमावली, २०८१ सम्झनु पर्छ।

(ड) **"मन्त्रालय"** भन्नाले गण्डकी प्रदेश सरकारको वन सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ढ) **"वन्यजन्तु"** भन्नाले घरपालुवा बाहेक जुनसुकै जातिको स्तनधारी जन्तु (म्यामल्स), पंक्षी (एभ्स), घस्रिने जन्तु (रेप्टायल्स), माछा (पिसीज), उभयचर जाति (एम्फिवियन्स) र कीरा फट्याङ्ग्रा (इन्सेक्ट्स) लाई सम्झनु पर्छ र सो शब्दले फुल पार्ने जन्तुको फुल समेतलाई जनाउँदछ।

(ण) **"वन समूह"** भन्नाले ऐन बमोजिम डिभिजन वन कार्यालयमा विधान दर्ता भइ गठन भएका वन उपभोक्ता समूह सम्झनु पर्छ।

(त) **"वन्यजन्तु उद्दार"** भन्नाले कुनै पनि कारणबाट समस्यामा परेका वन्यजन्तुको हितमा गरिने कार्यलाई जनाउँदछ।

(थ) **"व्यवस्थापन समिति"** भन्नाले दफा ११ बमोजिमको गठित व्यवस्थापन समिति सम्झनु पर्छ।

(द) **"समस्याग्रस्त वन्यजन्तु"** भन्नाले प्राकृतिक बासस्थान भन्दा बाहिर मानव वस्तीमा आई पटक-पटक धनजनको क्षति वा जोखिम पुऱ्याउने वन्यजन्तुलाई जनाउँदछ।

(ध) **"समान्य घाइते"** भन्नाले शरीरअङ्गभङ्ग हुने बाहेक उपचार गर्नुपर्ने अन्य अवस्थाको घाइते सम्झनु पर्छ।

**(न)** **"स्थानीय तह"** भन्नाले प्रदेश भित्र रहेका गाउँपालिका, नगरपालिका र जिल्लासभालाई सम्झनु पर्छ।

**(प)** **"संरक्षित क्षेत्र"** भन्नाले राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संनियमित प्राकृति आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्र सम्झनु पर्छ।

३. **<u>केन्द्रको उद्देश्यः</u>** वन्यजन्तु उद्दार तथा व्यवस्थापन केन्द्रको उद्देश्य देहाय बमोजिम रहेको छः

(क) टुहुरा, असहाय, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुको उद्दार गर्ने,

(ख) उद्दार गरिएका वन्यजन्तुको उपचार, पालनपोषण र व्यवस्थापन गरी पुनःप्राकृतिक बासस्थानमा पुर्नस्थापना गर्ने,

(ग) प्राकृतिक बासस्थानमा पुनर्स्थापना गर्न नसकिने वन्यजन्तुलाई वर्गीकरण गरी पालनपोषणको प्रबन्ध मिलाउने,

(घ) स्वस्थ वन्यजन्तुलाई शैक्षिक प्रयोजनको लागि अध्ययन, अनुसन्धान र संरक्षण शिक्षा अन्तर्गत पर्यटकहरूलाई अवलोकन गराउने,

(ङ) वन्यजन्तुहरूको आहारविहार, आनीबानी, रोगव्याधी, हुर्काउने, बढाउने र प्रजनन् विधिको अध्ययन अनुसन्धान गर्ने गराउने।

## परिच्छेद २
## केन्द्र स्थापना, सञ्चालन तथा व्यवस्थापन

४. **केन्द्रको स्थापनाः** नियमावलीको नियम ६२ बमोजिम प्रदेश सरकारले केन्द्रको स्थापना गर्न सक्नेछ।

५. **केन्द्रको सञ्चालन तथा व्यवस्थापनः** दफा ४ बमोजिम स्थापना भएको केन्द्रको प्रदेश सरकार आफैंले वा वन समूह वा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी सो सूचनामा तोकिएको अविधसम्मका लागि प्रकृति र प्राकृतिक स्रोत संरक्षण गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम स्थापना भएको कुनै संस्था मार्फत सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ।

६. **प्रदेश सरकारमार्फत केन्द्रको सञ्चालन तथा व्यवस्थापनः** (१) प्रदेश सरकारबाट केन्द्रको सञ्चालन तथा व्यवस्थापन नियमावलीको नियम ६२ को उपनियम (८) बमोजिमको कार्यालयले गर्नेछ।

(२) उपदफा (१) बमोजिम राष्ट्रिय वन क्षेत्रमा केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्नु पर्ने भएमा संघीय वन ऐन, २०७६ को दफा ४२ बमोजिम जग्गा प्राप्त गर्नु पर्नेछ।

तर वन समूहबाट व्यवस्थापन हुँदै आएको वनमा सम्बन्धित वन समूहको सहमतिमा नियमावलीको नियम २८ बमोजिम केन्द्रको सञ्चालन तथा व्यवस्थापन हुनेछ।

(३) प्रदेश सरकारले राष्ट्रिय वन क्षेत्र बाहेकको सार्वजनिक प्रकृतिको सरकारी जग्गामा केन्द्र स्थापना गर्न चाहेमा प्रचलित सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कानून बमोजिम जग्गा प्राप्त गर्नु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारबाट सञ्चालन तथा व्यवस्थापन भएको केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्न वन समूहबाट एकल वा संयुक्त रूपमा व्यवस्थापन योजना सहित प्रस्ताव आएमा प्रदेश सरकारले शर्त तोकी व्यवस्थापनको जिम्मेवारी त्यस्तो समूहलाई दिन सक्नेछ।

(५) यस दफा बमोजिम समुदायद्वारा व्यवस्थापन गरिएको वन क्षेत्रमा केन्द्र स्थापना भएमा केन्द्रले सम्बन्धित वन समूहसँग सहकार्य गरी केन्द्र व्यवस्थापन गर्न सक्नेछ।

७. **वन समूह मार्फत केन्द्रको सञ्चालन तथा व्यवस्थापनः** (१) कुनै वन समूहले एकल रुपमा वा दुई वा सो भन्दा बढी वन समूहले संयुक्त रूपमा दफा ४ बमोजिम स्थापना भएको केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्न चाहेमा सो सम्बन्धी योजना समूहको साधारण सभाबाट पारित गराइ उक्त योजना समेत संलग्न राखी डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै वन समूहले एकल रुपमा केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्ने योजना जाँचबुझ गर्दा उपयुक्त देखेमा डिभिजनल वन अधिकृतले उक्त केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न इजाजत दिनेछ।

(३) उपदफा (१) बमोजिम दुई वा सो भन्दा बढी वन समूहले संयुक्तरूपमा केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा त्यस्ता समूहबीच भएको सम्झौता र केन्द्रको सञ्चालन तथा व्यवस्थापनको योजना सहितको निवेदन डिभिजनल वन अधिकृतले जाँचबुझ गर्दा उपयुक्त देखिएमा सहमतिका लागि निर्देशनालयमा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश भएका कागजात अध्ययन गरी उपयुक्त देखिएमा निर्देशनालयले केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्न सहमति दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम पेश भएको केन्द्र स्थापना र व्यवस्थापन सम्बन्धी कार्ययोजना जाँचवुझ गर्दा उपयुक्त देखिएमा डिभिजन वन अधिकृतले उक्त केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न ईजाजत दिनु पर्नेछ।

(६) उपदफा (२) वा (५) बमोजिम अनुमति प्राप्त भई सञ्चालन तथा व्यवस्थापन गरिने केन्द्रका सम्बन्धमा यस कार्यविधिमा उल्लिखित व्यवस्थाको हकमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा समूहको स्वीकृत कार्ययोजना बमोजिम हुनेछ।

८. **संस्था मार्फत केन्द्र सञ्चालन र व्यवस्थापनः** (१) नियमावलीको नियम ६२ को उपनियम (११) बमोजिमका संस्थाले उद्दार केन्द्र सञ्चालन र व्यवस्थापन गर्न चाहेमा सञ्चालन र व्यवस्थापन योजना सहित निर्देशनालयमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रस्ताव उपर निर्देशनालयले जाँचबुझ गरी उपयुक्त देखिएमा संस्थाले पालना गर्नुपर्ने शर्त समावेश गरी एकीन राय सहित मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको पेश भएको प्रस्ताव मन्त्रालयले नियम ६२ को उपनियम (२) बमोजिमको समिति मार्फत जाँचबुझ गराइ उपयुक्त देखिएमा सम्बन्धित संस्थाको प्रतिबद्धता र शर्त समेत समावेश गरी नियम (४) बमोजिम प्रदेश सरकारमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश भएको प्रस्ताव प्रदेश सरकारले स्वीकृत गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम स्वीकृत भएको प्रस्तावको कार्यान्वयन र व्यवस्थापन निर्देशनालय र संस्था बीच भए भएको सम्झौता बमोजिम हुनेछ।

(६) यस दफा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता केन्द्र स्थापना गरी सञ्चालन र व्यवस्थापन गर्न ईच्छुक व्यक्ति, संस्था, निकाय वा स्थानीय तहले प्रचलित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावलीको प्रावधान पालना गर्नु पर्नेछ।

९. **<u>केन्द्रको कार्यालय रहने स्थानः</u>** (१) केन्द्रको कार्यालय केन्द्र सञ्चालन हुने स्थानमा रहनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वन समूहले सञ्चालन तथा व्यवस्थापन गर्ने केन्द्रको कार्यालय समूहले निर्णय गरी तोकेको स्थानमा रहनेछ।

१०. **<u>निर्देशन समिति सम्बन्धी व्यवस्थाः</u>** (१) उद्दार गरिएका वन्यजन्तुहरुलाई केन्द्रमा राखी व्यवस्थापन गर्नको लागि नीति निर्माण, समन्वय र अनुगमन गर्ने उद्देश्यले देहाय बमोजिमको केन्द्र निर्देशन समिति रहनेछ।

(क) सचिव, मन्त्रालय -अध्यक्ष
(ख) सचिव (कानून), प्रदेश सरकारको कानून हेर्ने मन्त्रालय -सदस्य
(ग) सचिव, प्रदेश सरकारको आर्थिक मामिला हेर्ने मन्त्रालय -सदस्य
(घ) निर्देशक, निर्देशनालय -सदस्य
(ङ) महाशाखा प्रमुख, वन संरक्षण तथा व्यवस्थापन महाशाखा, मन्त्रालय -सदस्य सचिव

(२) निर्देशन समितिले बैठकमा आवश्यकता अनुसार बढीमा दुई जना विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) निर्देशन समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

(४) निर्देशन समितिले केन्द्रको प्रभावकारी सञ्चालन र व्यवस्थापनका लागि प्रदेश सरकार समक्ष नीतिगत सुधारका लागि सुझावहरु पेश गर्न सक्नेछ।

(५) प्रदेश सरकार र निर्देशन समितिले दिएको निर्देशन केन्द्रले पालना गर्नु पर्नेछ।

**११. <u>व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः</u>** (१) प्रदेश सरकार अन्तर्गत स्थापना भएको केन्द्रमा रहेका तथा उद्दार गरी ल्याइएका वन्यजन्तुको व्यवस्थापन तथा केन्द्र सञ्चालनको क्रममा मार्ग निर्देशन गर्ने, अनुगमन गरी पृष्ठपोषण दिन र निर्देशन समितिलाई केन्द्रको सञ्चालन र व्यवस्थापनमा नीतिगत सुझाव दिन देहाय बमोजिमको उद्दार केन्द्र व्यवस्थापन समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | निर्देशक, निर्देशनालय | -संयोजक |
| (ख) | वरिष्ठ वन अधिकृत, मन्त्रालय | -सदस्य |
| (ग) | सम्बन्धित स्थानीय तहका वडाको वडा अध्यक्ष | -सदस्य |
| (घ) | अधिकृत प्रतिनिधि, सम्बन्धित स्थानीय तह (वन/वातावरण हेर्ने) | -सदस्य |
| (ङ) | अध्यक्ष, उद्दार केन्द्र रहेको वन उपभोक्ता समूह | -सदस्य |
| (च) | प्रमुख, केन्द्र | -सदस्य |
| (छ) | सम्पर्क अधिकृत प्रतिनिधि, प्रदेश स्थित राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग | -सदस्य |
| (ज) | डिभिजनल वन अधिकृत, केन्द्र रहेको स्थानको डिभिजन वन कार्यालय | -सदस्य सचिव |

(२) व्यवस्थापन समितिले बैठकमा आवश्यकता अनुसार बढिमा दुई जना विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

(४) व्यवस्थापन समितिको बैठकको कार्यविधि समिति आफैंले निर्धारण गर्न सक्नेछ।

(५) व्यवस्थापन समितिको खर्च केन्द्रको बिनियोजित बजेटबाट हुनेछ।

(६) व्यवस्थापन समितिको निर्णयको लागि कम्तिमा एकाउन्न प्रतिशत पदाधिकारीको उपस्थिति हुनु पर्नेछ।

(७) व्यवस्थापन समितिबाट भएको निर्देशन केन्द्रले पालना गर्नु पर्नेछ।

(८) दफा ७ बमोजिम स्थापना भएको केन्द्रको व्यवस्थापन समिति गठन समूहले निर्णय गरे बमोजिम हुनेछ।

(९) उपदफा (८) बमोजिम गठन हुने समितिमा केन्द्र स्थापना भएको वन क्षेत्रमा तोकिएको सवडिभिजन वन कार्यालयका कम्तिमा रेञ्जर र डिभिजन वन कार्यालयको कम्तिमा सातौं तहको वन अधिकृत प्रतिनिधि समावेश गर्नु पर्नेछ।

**१२. <u>बजेट सम्बन्धी व्यवस्थाः</u>** (१) प्रदेश सरकारबाट सञ्चालन तथा व्यवस्थापन हुने केन्द्रको लागि आवश्यक बजेट नियमावलीको दफा ६२ बमोजिम प्रदेश सरकारले व्यवस्था गर्नेछ।

तर नियमावलीको नियम ६२ को उपनियम (११) बमोजिम केन्द्रको सञ्चालन तथा व्यवस्थापन हुने केन्द्रको हकमा प्रदेश सरकारबाट तोकिएको शर्त बमोजिम हुनेछ।

(२) वन समूहबाट सञ्चालन तथा व्यवस्थापन हुने केन्द्रको बजेटको व्यवस्था समूहको कोषबाट हुनेछ।

(३) केन्द्रको सञ्चालन तथा व्यवस्थापनको लागि उपदफा (१) र (२) बाहेक देहाय बमोजिमका स्रोतबाट थप रकम प्राप्त गर्न सकिनेछ।

(क) जैविक विविधता संरक्षण क्षेत्रमा संलग्न राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ, संस्था र दाताहरूबाट प्राप्त रकम,

(ख) निजी क्षेत्रबाट प्राप्त रकम,

(ग) केन्द्र प्रवेश शुल्कबाट प्राप्त हुने रकम,

(घ) सम्बन्धित स्थानीय तहबाट प्राप्त हुने अनुदान,

(ङ) उद्धार केन्द्रमा राखिने दान बाकसमा सङ्कलित रकम,

(च) अन्य स्रोतबाट प्राप्त हुने रकम आदि ।

(४) यस दफा बमोजिम केन्द्रको बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा स्वीकृत व्यवस्थापन योजनाको अतिरिक्त अनुसूची-१ मा उल्लेखित कार्यमा समेत समावेश गर्नु पर्नेछ।

(५) उपदफा (२) को खण्ड (क) बमोजिम जैविक विविधता संरक्षण क्षेत्रमा संलग्न राष्ट्रिय, अन्तर्राष्ट्रिय विदेशी सरकार, संघ संस्था र दाताबाट रकम प्राप्त गर्नु अघि गण्डकी प्रदेश सरकारको आर्थिक मामिला हेर्ने मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(६) उपदफा (२) बमोजिमको स्रोतबाट प्राप्त हुने रकमको प्रदेश सरकारको सञ्चित कोषमा र समूहले सञ्चालन तथा व्यवस्थापन गरेको केन्द्रको हकमा समूहको कोषमा जम्मा गर्नु पर्नेछ।

(७) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि समुदायद्वारा व्यवस्थित वन क्षेत्रमा वन समूहले सञ्चालन तथा व्यवस्थापन गरेको केन्द्रमा प्रवेश शुल्कबाट प्राप्त भएको आम्दानीको पन्ध्र प्रतिशत रकम समूहले प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

१३. **जनशक्ति सम्बन्धी व्यवस्था:** (१) प्रदेश सरकारले सञ्चालन तथा व्यवस्थापन गर्ने केन्द्रको लागि आवश्यक पर्ने जनशक्तिको व्यवस्था नियमावलीको नियम ६२ को उपनियम (९) बमोजिम प्रदेश सरकारले गर्नेछ।

(२) उपदफा (१) बमोजिम केन्द्रको नियमित कार्य सञ्चालन तथा व्यवस्थापन गर्न चाहिने न्यूनतम जनशक्ति अनुसूची-२ बमोजिम हुनेछ।

(३) वन समूहबाट सञ्चालन तथा व्यवस्थापन हुने केन्द्रको लागि चाहिने न्यूनतम जनशक्ति अनुसूची-३ बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम केन्द्रको लागि आवश्यक पर्ने जनशक्ति मन्त्रालयले प्रदेश मातहतका कार्यालयबाट काजमा खटाउन सक्नेछ।

(४) उपदफा (२) बमोजिम केन्द्रको जनशक्तिको पारिश्रमिक प्रचलित कानून बमोजिम हुनेछ।

तर स्थायी बाहेक केन्द्रमा आवश्यक पर्ने अन्य जनशक्ति प्रचलित कानून बमोजिम करारमा नियुक्ति गर्न सकिनेछ। करारमा लिएका कर्मचारीको न्यूनतम पारिश्रमिक सम्झौतामा तोकिए बमोजिम हुनेछ ।

(५) केन्द्रको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यकता अनुसार सल्लाहकार, परामर्शदाता वा विज्ञको सेवा समेत लिन सकिनेछ ।

तर सल्लाहकार, परामर्शदाता वा विज्ञको सेवा सुविधा निजसँग भएको सम्झौता बमोजिम हुनेछ।

**१४.** **<u>लेखा र जिन्सी सम्बन्धी व्यवस्था:</u>** (१) प्रदेश सरकारबाट सञ्चालन तथा व्यवस्थापन हुने केन्द्रको लेखा र जिन्सी सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(२) वन समूहबाट सञ्चालन तथा व्यवस्थापन हुने केन्द्रको लेखा र जिन्सी सम्बन्धी व्यवस्था समूहको विधान बमोजिम हुनेछ।

**१५.** **<u>भौतिक पूर्वाधार सम्बन्धी व्यवस्था:</u>** (१) यस कार्यविधि बमोजिम स्थापना भएको केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्दा चाहिने न्यूनतम पूर्वाधार र वन्यजन्तु उद्दार एवं ओसारपसार गर्दा चाहिने सामग्री प्रचलित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावलीले तोके अनुसार अनुसूची-४ बमोजिम हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको पूर्वाधारको अतिरिक्त वन्यजन्तुको उद्दार गर्न अत्यावश्यक पर्ने सामग्री वन्यजन्तु प्रजाति संख्या र प्रजाति अनुसार थपघट हुन सक्नेछ।

**१६.** **<u>वन्यजन्तुको लगत र हेरचाह सम्बन्धी व्यवस्था:</u>** (१) केन्द्रले आफ्नो केन्द्रमा रहेका वन्यजन्तुहरुको फोटो समेतको लगत अद्यावधिक गरी अनुसूची-५ बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको लगतमा वन्यजन्तुको संख्या, त्यसको प्रजाति, लिङ्ग, उत्पत्ति स्थल, उमेर र प्रजनन् गराइएको भए सोको विवरण समेत उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको अभिलेख विवरण त्रैमासिक रुपमा सम्वन्धित डिभिजन वन कार्यालय र निर्देशनालयमा पठाउनु पर्नेछ।

१७. **<u>वन्यजन्तुको ओसारपसार सम्बन्धी व्यवस्थाः</u>** (१) वन्यजन्तु एक ठाउँबाट अर्को ठाउँमा ढुवानी, ओसारपसार गर्दा पशु चिकित्सक र वन्यजन्तु प्राविधिक टोलीको प्रत्यक्ष निगरानीमा गर्नु पर्नेछ।

(२) घाइते, टुहुरा वा समस्याग्रस्त वन्यजन्तुहरु ओसारपसार गर्दा अनुसूची-६ बमोजिमको प्रक्रियाहरु अपनाउनु पर्नेछ।

## परिच्छेद ३

## वन्यजन्तु उद्धार र व्यवस्थापन

१८. **<u>वन्यजन्तु उद्धार सम्बन्धी व्यवस्थाः</u>** (१) कुनै वन्यजन्तु मानव वस्ती वा अन्य कुनै स्थानमा घाइते वा रोगी वा वेवारिसे अवस्थामा फेला परेमा वा कसैले गैरकानूनी रुपमा थुनामा वा नियन्त्रणमा राखेको पाइएमा वा ओसारपसार गरेको पाइएमा डिभिजनल वन अधिकृतले अनुसूची-७ बमोजिमको विवरण तयार गरी तत्काल उद्धार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वन्यजन्तु उद्धार गर्ने स्थान दुर्गम र तत्काल पहुँच हुन नसकेको अवस्थामा डिभिजनल वन अधिकृतले समुदायमा रेहका वन्यजन्तु उद्धारमा सैलग्न स्वयंसेवी समूह र स्थानीय समूदाय परिचालन गरी उद्धारको कार्य गराउन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम उद्धार गरिएका वन्यजन्तु टुहुरा, अशक्त, घाइते, समस्या ग्रस्त र अङ्गभङ्ग भएका वन्यजन्तुलाई केन्द्रको सहयोग र समन्वयमा सुरक्षित साथ ढुवानी गरी उपचार, संरक्षण र व्यवस्थापनको लागि केन्द्रमा पठाउनु पर्नेछ।

तर, उद्धार गरिएको वन्यजन्तु स्वास्थ र सकुसल रहेको पाइएमा तत्काल सुरक्षित रुपमा प्राकृतिक वासस्थानमा छाड्नु पर्नेछ।

(४) वन्यजन्तु उद्धार कार्य तत्काल गरी नागरिकलाई सुरक्षाको प्रत्याभूति दिन डिभिजनल वन अधिकृतले स्थानीय प्रशासन र स्थानीय तहको सहयोग लिन सक्नेछ।

(५) उपदफा (३) बमोजिम प्राप्त वन्यजन्तुको विवरण केन्द्रले अनुसूची-८ बमोजिम राख्नु पर्नेछ।

१९. **<u>वन्यजन्तुको उपचारः</u>** (१) दफा १८ बमोजिम प्राप्त वन्यजन्तुको केन्द्रले उपचार, संरक्षण, पोषण र व्यवस्थापन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वन्यजन्तुको उपचार तालिम प्राप्त पशु स्वास्थ्य प्राविधिकबाट गराउनु पर्नेछ। केन्द्रले त्यस्तो उपचार र औषधीको विवरण अनुसूची-९ बमोजिमको ढाँचामा अद्यावधिक गर्नु पर्नेछ।

(३) केन्द्रको वन्यजन्तुको उपचार कक्षमा उपचारमा संलग्न व्यक्ति बाहेक अन्य व्यक्तिको पहूँच नहुने गरी व्यवस्था मिलाउनु पर्नेछ।

(४) केन्द्रमा रहने पशु चिकित्सकले केन्द्रमा रहेका वन्यजन्तुको दैनिक निगरानी राखी हरेक पन्ध्र दिनमा नियमित स्वास्थ्य परीक्षण गर्नु पर्नेछ। वन्यजन्तुको स्वास्थ्य अवस्था हेरी केन्द्रले अन्य आवश्यक चिकित्सा सेवा उपलब्ध गराउनु पर्नेछ।

२०. **प्राकृतिक बासस्थानमा छाड्नु पर्नेः** (१) दफा १८ बमोजिम उद्दार गरी केन्द्रलाई प्राप्त स्वस्थ वा उपचार पश्चात स्वस्थ भएका वा केन्द्रमा जन्मिएर प्राकृतिक बासस्थानमा बाँच्न सक्ने वन्यजन्तुलाई डिभिजन वन कार्यालयको समन्वयमा केन्द्रले उपयुक्त प्राकृतिक वासस्थानमा छाड्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम केन्द्रले केन्द्र रहेको डिभिजन वन कार्यालयको कार्यक्षेत्र बाहेकको प्रदेशभित्र वा वाहिरको अन्य कुनै प्राकृतिक वासस्थानमा वन्यजन्तु छाड्नु परेमा सम्वन्धित डिभिजन वन कार्यालयको समन्वयमा छाड्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम वन्यजन्तुलाई प्राकृतिक बासस्थानमा छाड्दा अनुसूची-१० बमोजिमको अभिलेख राखी केन्द्रको पशु स्वास्थ्य प्राविधिकको सिफारिस भएको हुनु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम वन्यजन्तु संरक्षण, पालन पोषण र व्यवस्थापन गर्न अनुमति प्राप्त संस्था वा निकायलाई केन्द्रमा रहेका स्वास्थ वन्यजन्तु उपलब्ध गाराउन अनुरोध भई आएमा केन्द्रले अभिलेख राखी त्यस्ता वन्यजन्तु निर्देशनालय सहमतिमा उपलब्ध गराउन सक्नेछ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि केन्द्रलाई अध्ययन, अनुसन्धान, संरक्षण शिक्षा र अवलोकन प्रयोजनका लागि वन्यजन्तु आवश्यक परेमा त्यस्ता वन्यजन्तुको केन्द्रमा राखी संरक्षण, पालनपोषण र व्यवस्थापन गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

२१. **पुनर्स्थापना गर्न नसकिने वन्यजन्तुको व्यवस्थापनः** (१) प्राकृतिक वासस्थानमा पुनर्स्थापना गर्न नसकिने वन्यजन्तुलाई केन्द्रले तिनीहरूको प्रजाति छुट्याई संरक्षण, पालनपोषण र बासस्थान व्यवस्थापनको प्रबन्ध मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वन्यजन्तुको व्यवस्थापन गर्दा सम्बन्धित प्रजातिको चलखेल गर्ने स्वभाव, खाने, चर्ने बानी व्यहोरा, वासस्थानको आकार र प्रकारलाई बिशेष ध्यान दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम वन्यजन्तुको व्यवस्थापन गर्दा ऐन बमोजिम संरक्षित सूचीमा पर्ने वन्यजन्तुको हकमा कानूनी प्रावधानलाई ध्यान दिनु पर्नेछ।

२२. **वन्यजन्तुको पालन पोषण सम्बन्धी व्यवस्थाः** (१) केन्द्रमा रहेका वन्यजन्तुको लागि आवश्यक पर्ने आहारा, दाना वा पोषण तत्वको व्यवस्था स्वीकृत नर्मश वा हाल सञ्चालनमा रही आएका जावलाखेल सदर चिडियाखाना वा राष्ट्रिय प्राणी उद्यान केन्द्र जस्ता निकायबाट स्वीकृत मापदण्ड अनुसारको मिलाउनु पर्नेछ।

(२) केन्द्रले केन्द्रमा रहेका वन्यजन्तुलाई दिइएको दाना, पोषणको मात्रा र समयको विवरण अनुसूची-११ बमोजिम राख्नु पर्नेछ।

(३) प्रदेश सरकार वा वन समूहबाट सञ्चालन तथा व्यवस्थापन भएको केन्द्रमा वन्यजन्तुको पालन पोषणको लागि बजेटको व्यवस्था दफा १२ बमोजिम हुनेछ।

२३. <u>**वन्यजन्तुको अवलोकन सम्बन्धी व्यवस्थाः**</u> (१) अध्ययन, अनुसन्धान, संरक्षण शिक्षा जस्ता शैक्षिक प्रयोजन र पर्यटन प्रवर्द्धन गर्न केन्द्रले स्वस्थ वन्यजन्तुको अवलोकनको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम केन्द्रमा अवलोकन र अन्य क्रियाकलाप गर्दा अनुसूची-१२ बमोजिमको शुल्क लाग्नेछ।

(३) केन्द्रको अवलोकन गर्न आउने पर्यटक र आगन्तुकको विवरण अनुसूची-१३ बमोजिम राख्नु पर्नेछ।

(४) केन्द्रमा अवलोकनका लागि राखिएका वन्यजन्तुको विवरण सर्वसाधारणले बुझ्ने गरी नेपाली र अङ्ग्रेजी दुवै भाषामा लेखेर राख्नु पर्नेछ।

(५) केन्द्रले अवलोकन गर्न आउने व्यक्तिले पालना गर्नुपर्ने आचारसंहिता सम्बन्धी जानकारीमूलक सूचना बोर्ड राख्नु पर्नेछ।

(६) केन्द्रले पूर्वसावधानी स्वरुप वन्यजन्तु र अवलोकनकर्ता वीच छेकबारको व्यवस्था मिलाउनु पर्नेछ।

(७) वन्यजन्तु सफारीमा संलग्न व्यक्ति, संस्था र निकायले वन्यजन्तु केन्द्रको अवलोकन गराउँदा नेचर गाइडको प्रबन्ध मिलाउन सक्नेछ।

(८) केन्द्रले अवलोकनमा आउने पर्यटकको सुविधाको लागि स्थान विशेषमा मचान, आराम चौतारी, फोटो प्वाइन्ट जस्ता मनोरञ्जन स्थलको निर्माण र शौचालयको व्यवस्था गर्न सक्नेछ।

## परिच्छेद ४
## वन्यजन्तु लठ्याउने र मृत्युपछिको व्यवस्थापन

२४. <u>**वन्यजन्तुलाई लठ्याउने सम्बन्धी ब्यवस्थाः**</u> (१) घाइते, टुहुरा, अशक्त र समस्याग्रस्त वन्यजन्तुलाई उद्दार, उपचार वा ओसारपसार गर्दा हुन सक्ने खतरालाई ध्यान दिई लठ्याउने औषधी सहितको लठ्याउने बन्दुक (डार्ट गन) बाट डार्ट गरी लठ्याउन सकिनेछ।

(२) वन्यजन्तुलाई लठ्याउने र पुनःहोसमा ल्याउने कार्य गर्दा पशु चिकित्सकको सल्लाह र सहयोगमा गर्नु पर्नेछ।

(३) डार्ट गर्दा वन्यजन्तुको अगाडी र पछाडी खुट्टाको मासु भएको (हिन्ड क्वार्टर Hind quarter) भागमा गर्नु पर्दछ।

(४) घाइते, टुहुरा, अशक्त वा समस्याग्रस्त वन्यजन्तुलाई लठ्याउने कार्य गर्दा अनुसूची-१४ बमोजिमको प्रक्रियाहरु अपनाउनु पर्नेछ।

(५) पूर्ण रुपमा लठ्ठिएर ढलेको वन्यजन्तुको नजिकमा शान्त भएर गई प्राविधिकले देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ।

(क) वन्यजन्तुको शरीरमा लागेको डार्ट सिरिञ्ज झिकी रेकर्ड लिने।

(ख) प्रत्यक्ष घाम, धूलो र चोटपटकबाट बचाउनको लागि आँखा र कान कालो कपडाले छोप्ने।

(ग) लठ्ठिई ढलेको वन्यजन्तुको वसाई अवस्था ठिक भए नभएको सुनिश्चित गरी श्वास प्रश्वासको गति, रक्त सञ्चार तथा शारीरिक तापक्रम जाँच गर्ने।

(घ) गर्मी भएको अवस्थामा पानीले भिजाइएको कपडाले वन्यजन्तुको शरीरलाई ढाक्न सकिनेछ।

२५. **<u>वन्यजन्तुको मृत्यु भएमा गरिने व्यवस्थाः</u>** (१) वन्यजन्तु उद्दार वा ओसारपसार गर्दा, उपचार गर्ने क्रममा वा प्राकृतिक कारणले मृत्यु भएमा दुर्लभ, संकटापन्न र संरक्षित प्रजातिको पशु चिकित्सकबाट पोष्टमार्टम गरी फोटो सहितको मुचुल्का गरी अभिलेख राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बाहेकका अन्य वन्यजन्तुहरु मृत्यु भएमा वा मृत्यु भएको पाईएमा मुचुल्का गरी अभिलेख राख्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम मृत वन्यजन्तुलाई केन्द्र वा डिभिजन वन कार्यालय वा सवडिभिजन वन कार्यालय वा नजिकको प्रहरी कार्यालय वा अन्य सरकारी कार्यालयको परिसर भित्र गहिरो खाडल खनेर झिक्न निकाल्न नमिल्ने गरी चुन र नुन राखी वन्यजन्तुको शव गाड्नु पर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिमका मृत वन्यजन्तुको आखेटोपहारलाई क्न्द्रले नमूना वा चर्म प्रशाधन (टेक्सीडर्मी) को रुपमा तयार गरी सुरक्षित रुपमा राख्न सक्नेछ।

(५) मृत वन्यजन्तुको ब्यवस्थापन गर्दा प्राविधिक टोलीले स्वास्थ्यलाई ध्यान दिई व्यक्तिगत सुरक्षा उपकरण (पर्सनल प्रोटेक्टिम ईक्यूपमेन्ट) प्रयोग गर्नु पर्नेछ।

(६) मृत्यु भएका वन्यजन्तुको विवरण अनुसूची-१५ बमोजिम ढाँचामा अभिलेख राखी वार्षिक प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।

## परिच्छेद-५
## विविध

२६. **<u>सुरक्षा सम्बन्धी ब्यवस्थाः</u>** (१) केन्द्रले केन्द्रमा रहेका वनस्पति, वन्यजन्तु र भौतिक सम्पत्तिको सुरक्षाको लागि केन्द्रको वरिपरी आवश्यकता अनुसार पर्खाल, फलामे बार, तारबार, मेसजाली, काठको बार लगायतका छेकवारको निर्माण गर्न सक्नेछ।

(२) केन्द्रमा आउने पर्यटक र आगन्तुकबाट वन्यजन्तुलाई रोग र अन्य कुनै संक्रमण हुन नदिन सुरक्षाका उपायहरु अवलम्बन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको केन्द्रको सुरक्षाको लागि प्रदेश सरकारले सुरक्षाकर्मीको प्रबन्ध मिलाउन सक्नेछ।

२७. **<u>उपचार र राहत सम्बन्धी ब्यवस्थाः</u>** (१) वन्यजन्तुको उद्दार, ओसारपसार, वन्यजन्तुको उपचार र व्यवस्थापन कार्यमा खटिएका कर्मचारी वा सुरक्षाकर्मी घाइते र अङ्गभङ्ग भएमा उपचार खर्च र मृत्यु भएमा राहत रकम प्रदेश सरकारले उपलव्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको उपचार खर्च र राहत रकम देहाय बमोजिम हुनेछ ।

(क) सामान्य घाइते, गम्भीर घाइते र अङ्गभङ्ग भएको हकमा सम्पूर्ण उपचार खर्च।

(ख) अङ्गभङ्ग भइ जीवनभर गम्भीर रुपले शारीरिक रुपमा अशक्त हुने व्यक्ति वा निजको हकवालालाई जीविकोपार्जनको लागि एकमुष्ठ पाँच लाख रूपियाँ।

(ग) मृत्यु भएको व्यक्तिको हकमा निजको नजिकको हकवालालाई राहत दश लाख रूपियाँ।

(३) उपदफा (२) बमोजिमको उपचार खर्च र राहत माग गर्दा घाइतेको फोटो, घटनास्थल मुचुल्का, औषधी उपचारको बील भरपाई, नेपाली नागरिकताको प्रतिलिपि, अपाङ्गता प्रमाण पत्र र मृतकको हकमा पोष्टमार्टम रिपोर्ट, मृत्यु दर्ता प्रमाण पत्र, नाता प्रमाणित कागजात समेत राखी केन्द्रमा निवेदन पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको उपचार खर्च र राहत रकम प्रचलित वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण कार्यविधि बमोजिम वितरण गर्नको लागि निर्देशनालय वा डिभिजन वन कार्यालयमा प्राप्त विनियोजित बजेटबाट भएको भुक्तानी हुनेछ।

(५) केन्द्रले वन्यजन्तु उद्दार, ओसारपसार एवं केन्द्रमा रहेका वन्यजन्तुको उपचार र व्यवस्थापन कार्यमा खटिएका सबै कर्मचारी र सुरक्षाकर्मीको अनिबार्य रुपमा विमा गर्नु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि घाइतेको उपचार खर्च र राहत रकम दोहोरो पर्ने गरी भुक्तानी गर्न पाईने छैन।

२८. **<u>क्षमता विकास सम्बन्धी ब्यवस्था:</u>** वन्यजन्तु उद्दार, ओसारपसार र ब्यवस्थापन कार्यमा संलग्न हुने प्राविधिक एवं अन्य कर्मचारीको समय सापेक्ष क्षमता अभिबृद्धिको लागि तालिम, अन्य चिडियाखाना वा प्राणी उद्यान वा केन्द्रको अवलोकन भ्रमण र अनुभव आदनप्रदानको व्यवस्था केन्द्रले मिलाउनु पर्नेछ।

२९. **<u>प्रतिवेदन पेश गर्नु पर्ने:</u>** (१) केन्द्रले वन्यजन्तु उद्दार, ओसारपसार र ब्यवस्थापनको क्रममा गरेका मुख्य  कार्य, उपलब्धी समेत समावेश भएको त्रैमासिक प्रतिवेदन निर्देशनालय र केन्द्र रहेको सम्वन्धित डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ ।

३०. **<u>कार्यविधिमा संशोधन:</u>** यस कार्यविधि गण्डकी प्रदेश सरकारले संशोधन गर्न सक्नेछ।

३१. **<u>कर्तव्य हुने:</u>** यस कार्यविधिमा भएको व्यवस्थाको कार्यान्वयन गर्ने गराउने कर्तव्य सम्बन्धित केन्द्रको हुनेछ।

३२. **<u>विवाद निरुपण:</u>** यस कार्यविधि कार्यान्वयन गर्दा आउन सक्ने विवादको निरूपण निर्देशनालयले गर्नेछ। सो निर्णय उपर चित्त नुबेझेमा निर्णय भएको मितिले पैतिस दिनभित्र वन तथा वातावरण मन्त्रालयमा पुनरावेदन गर्न सकिनेछ। विवाद सम्बन्धमा मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ।

३३. **<u>बचाउ:</u>** यस कार्यविधि प्रारम्भ हुनु पूर्व प्रचलित कानून बमोजिम भएका काम कारबाही यसै कार्यविधि बमोजिम भएको मानिने छ।

## अनुसूची-१

(दफा १२ को उपदफा ४ सँग सम्बन्धित)

### <u>उद्दार केन्द्र सञ्चालन गरिने कार्यहरु</u>

१. केन्द्रमा राख्नु पर्ने वन्यजन्तुहरुको प्रजाति अनुसार आवश्यक पर्ने भौतिक पूर्वाधारहरु जस्तै भवन, उपचार गर्ने कोठा, इन्क्लोजर, केन्द्र परिसरको सुरक्षाको लागि पर्खाल वा तारबारहरु निर्माण र मर्मत सम्भार गर्न ।

२. केन्द्रको सञ्चालनर व्यवस्थापनको लागि आवश्यक पर्ने प्रशासनिक र प्राविधिक कर्मचारीहरुको लागि आवास लगायतका पूर्वाधारहरु निर्माण गर्न ।

३. टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुको उद्दार, उपचार, पोषण, उपचार तथा व्यवस्थापन गर्न।

४. केन्द्रको सञ्चालन तथा व्यस्थापन गर्न तोकिएका कर्मचारीहरूको तलव, सुविधा, यातायात, विमा तथा दैनिक भ्रमण भत्ता साथै वन्यजन्तुको उद्दार र व्यवस्थापन कार्यमा संलग्न घाइते भएमा उपचार गर्न।

६. वन्यजन्तुको उद्धार, उपचार र केन्द्र सञ्चालनका लागि आवश्यक थप दक्ष जनशक्ति करारमा लिंदा लाग्ने खर्च गर्न ।

७. वन्यजन्तु उपचारमा प्रयोग हुने औषधी, औजार, उपकरण, यातायात, वन्यजन्तुको खानाको लागि लाग्ने खर्च गर्न ।

८. वन्यजन्तुहरुको उद्दार, उपचार र व्यवस्थापन कार्यमा प्रयोग हुने वन्यजन्तु उद्दारमा प्रयोग हुने सवारी साधन खरिद, सञ्चालन र मर्मत सम्भार गर्न ।

९. केन्द्रको गार्डेनिङ, सरसफाई, रुख विरुवा काँटछाट र ब्यवस्थापन गर्न।

१०. केन्द्रमा रहेका वन्यजन्तुहरुको अनुगमन गर्न चाहिने उपकरण र मानवीय संसाधनका लागि चाहिने खर्च ।

११. उपचार पश्चात स्वस्थ वन्यजन्तुलाई प्राकृतिक वासस्थानमा छोड्नको लागि लाग्ने खर्च ।

१२. उपचार पछि पनि प्राकृतिक वासस्थानमा छोड्न नसकिने वन्यजन्तुलाई अध्ययन, अनुसन्धान र पर्यटकीय दृष्टिकोणले ब्यवस्थापन गर्न लाग्ने खर्च।

१३. केन्द्रको विभिन्न कार्यक्रम सञ्चालन गर्न निर्देशन समितिको सुझाव र समन्वय समितिले निर्णय गरे बमोजिम लाग्ने अन्य खर्च गर्न ।

## अनुसूची-२

(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

**केन्द्र सञ्चालन तथा व्यवस्थापनमा चाहिने न्यूनतम जनशक्ति र दरबन्दी**

| क्र.सं. | पद | तह र श्रेणी | सेवा र समूह | दरबन्दि संख्या | कर्मचारी किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रबन्धक (केन्द्र प्रमुख) | अधिकृत (आठौं तह) | वन सेवा, जनरल फरेष्ट्री | १ | निजामती | काजमा खटाउने |
| २ | पशु चिकित्शक | अधिकृत (सातौं) | कृषि सेवा, पशु विकास | १ | करार | अस्थाई दरबन्दी |
| ३ | रेन्जर | सहायक (पाँचौं/छैंटौं) | वन सेवा, जनरल फरेष्ट्री | १ | निजामती | काजमा खटाउने |
| ४ | पशु स्वास्थ प्राविधिक | सहायक (पाँचौं/छैंटौं) | कषि सेवा, पशु विकास | १ | निजामती | काजमा खटाउने वा करारमा लिने |
| ५ | प्रशासन सहायक | सहायक चौचौ/पाँचौं) | प्रशासन सेवा, सा.प्रशासन समूह | १ | निजामती | काजमा खटाउने |
| ५ | सहायक लेखापाल | सहायक चौचौ/पाँचौं) | प्रशासन सेवा, लेखा समूह | १ | निजामती | काजमा खटाउने |
| ७ | हलुका सवारी चालक | सहायकस्तर | विविध | १ | करार | अस्थायी दरबन्दी |
| ८ | बन्यजन्तु स्याहार कर्ता (कयरटेकर) | सहायकस्तर | विविध | ३ | करार | अस्थायी दरबन्दी |
| ९ | कार्यालय सहयोगी | सहायकस्तर | प्रशासन, विविध | १ | करार | अस्थायी करारमा लिने |
| १० | सुरक्षाकर्मी | सिपाही वा सो सरह | विविध | २ | करार | अस्थायी करारमा लिने वा सशस्त्र वन रक्षकबाट खटाउने |
| | | | **जम्मा** | **१३** | | |

**नोटः** यस तालिकामा उल्लेखित जनशक्तिको प्रस्ताव राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६क को उपनियम (१) र (२) संग सम्बन्धित अनुसूची २१ मा भएको व्यवस्था अनुसार संख्या नबढ्ने गरी गरिएको।

## अनुसूची-३

(दफा १३ को उपदफा (३) सँग सम्बन्धित)

**समूहद्वारा सञ्चालन तथा व्यवस्थापन केन्द्रमा चाहिने न्यूनतम जनशक्ति र दरबन्दी**

| क्र.सं. | पद | दरबन्दि संख्या (जना) | कैफियत |
|---|---|---|---|
| १ | प्रबन्धक | १ | |
| २ | पशु चिकित्शक | १ | |
| ३ | प्रविधिक सहायक (वन र भेटेरीनरी) | २ | |
| ४ | प्रशासन/लेखा | १ | |
| ५ | भण्डारक | १ | |
| ६ | बन्यजन्तु स्याहार कर्ता (वन्यजन्तु केयरटेकर) | ४ | |
| ७ | सुरक्षाकर्मी | २ | |
| ८ | सवारी चालक | १ | |
| | जम्मा | १३ | |

नोटः यस तालिकामा उल्लेखित जनशक्तिको प्रस्ताव राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६क को उपनियम (१) र (२) संग सम्बन्धित अनुसूची २१ मा भएको व्यवस्था अनुसार गरिएको।

## अनुसूची-४

(दफा १५ को उपदफा (१) सँग सम्बन्धित)

**उद्दार केन्द्र हुनु पर्ने न्यूनतम भौतिक पूर्वाधार र उद्दार सामग्रीहरु**

| क.सं. | भौतिक पूर्वाधार र उद्दार सामाग्री | कैफियत |
|---|---|---|
| क | भौतिक पूर्वाधार | |
| १ | कार्यालय भवन | सुविधा सहितको |
| २ | उपचार केन्द्र, ल्याब तथा क्लिनिक कक्ष | सुविधा सहितको |
| ३ | आवास, भान्साघर र भण्डारण कक्ष | सुविधा सहितको |
| ४ | वार, पर्खाल | सिमाना, ईन्क्लोजर र केज मा |
| ५ | खुल्ला खोर (ईन्क्लोजर) र खोर (केज) | वन्यजन्तु प्रजाति अनुसार फरक हुने |
| ६ | वन्यजन्तुलाई पानीको व्यवस्थापन | ट्याँकी र सप्लाई |
| ७ | फोहोरमैला व्यवस्थापन | संकलन, ढुवानी र विसर्जन |
| ८ | थप पूर्वाधार | प्रजातिको प्रकार र संख्याका आधारमा निर्माण गर्न सकिने |
| ख | उद्दार सामग्रीहरु | |
| ९ | वन्यजन्तु एम्बुलेन्स | उद्दार र ओसारपसार गर्न |
| १० | पिकअप भ्यान | केन्द्रको दैनिक कार्यमा |
| ११ | डार्टगन र डार्ट (निडिल) | लठ्याउने र व्यूताउने डार्ट गर्ने बन्दुक |
| १२ | डार्टगर्ने औषधि | लठ्याउने र व्यूताउने र अन्य औषधि |
| १३ | रेफ्रिजेरेटर | औषधिहरु राख्न |
| १४ | केज | उद्दारमा लिएर हिड्ने प्रजाति अनुसार विभिन्न साईजको |
| १५ | वन्यजन्तु उद्दार सामाग्री (स्नक स्टिक र ब्याग, जिपिएस, हेडलाईट, फोकसलाईट, सेफ्टी चश्मा, ज्याकेट, पञ्जा, बुट, र हेलमेट) | उद्दारको लागि चाहिने |
| १६ | जनावर छोप्ने जाली (नेट) | उद्दारको लागि |

नोटः माथी तालिकामा उल्लेख गरिएका पूर्वाधार र सामग्रीहरुको प्रस्ताव राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६क को उपनियम (१) र (२) संग सम्बन्धित अनुसूची २१ मा भएको व्यवस्था अनुसार गरिएको छ । पूर्वाधार र सामग्रीहरु केन्द्रमा रहने वन्यजन्तु प्रजाति र संख्याको आधारमा थपघट हुन सक्नेछ।

## अनुसूची-५

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

**<u>उद्दार केन्द्रमा रहेका वन्यजन्तुको लगत</u>**

| क.सं. | मिति | वन्यजन्तु प्रजाती | संख्या | उमेर समूह | | | लिङ्ग | | उपचार गराइरहेका जम्मा | स्वस्थ जम्मा | केन्द्रमा प्रजनन भई जन्मेका | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वच्चा | अर्ध वयस्क | वयस्क | भाले | पोथी | | | प्रजाती | बच्चा संख्या |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | |

## अनुसूची-६

(दफा १७ को उपदफा (२) सँग सम्बन्धित)

### वन्यजन्तु ओसारपसार गर्दा अपनाउनु पर्ने प्रक्रियाहरु

१. वन्यजन्तु ओसार पसार गर्ने खोर आवश्यकता अनुसार वलियो स्टिल वा फलाम वा काठ र मेसजाली प्रयोग गरी वनाउनु पर्नेछ ।

२. खोर निर्माण गर्दा बलियो, हावा छिर्ने, वन्यजन्तु घुम्न वा फर्कन नमिल्ने, सजिलै वन्द गर्न सक्ने, भित्री भाग घाउ चोटपटक नलाग्ने चिल्लो र सफा गर्न मिल्ने गरी प्रचलित मापदण्ड पालन गरेर तयार गर्नु पर्नेछ ।

३. खोर निर्माण गर्दा वन्यजन्तुको खाना, पानी खोर भित्र राख्न मिल्ने र मानिसले उठाउन, वोक्न सजिलो हुने गरी समात्ने ठाउँ राख्नु पर्नेछ । साथै खोरमा वन्यजन्तु उभिंदा छतसम्म कम्तिमा १० से.मी. को खाली ठाउं हुनु पर्नेछ ।

४. खोर सफा गर्दा निस्कने वन्यजन्तुको दिसा पिसाव लगायतको फोहोर मैला व्यवस्थापनको लागि खोरको तल्लो भागमा संकलन हुने गरी निर्माण गर्नु पर्दछ ।

५. खोरभित्र भएको वन्यजन्तुलाई आकस्मिक औषधोपचार गर्नु पर्ने भएमा बाहिरबाट उपचार गर्न मिल्ने गरी बनाउनु पर्नेछ ।

६. वन्यजन्तु ओसार पसार गर्दाको अभिलेख कार्यालयमा राख्नु पर्नेछ ।

७. वन्यजन्तु ओसारपसार गर्दा वन्यजन्तुलाई बाटोमा छुने, जिस्क्याउने जस्ता कार्यहरुबाट कुनै पनि किसिमको तनाव नहुने व्यवस्था मिलाउनु पर्नेछ ।

८. वन्यजन्तु ओसारपसार कार्य गर्दा सकभर सूर्योदय देखि सूर्यास्तको समयलाई ध्यान दिई विशेषतः साँझ विहानको समयमा गर्नु पर्नेछ । तर वन्यजन्तु पुऱ्याउनु पर्ने स्थान टाढा भएको अवस्थामा रातको समयमा समेत ओसार पसार गर्न सकिनेछ ।

९. वन्यजन्तु ओसार पसार गर्दा सुरक्षाको लागि सशस्त्र वन रक्षक र स्थानीय प्रशासनको समन्वयमा नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलको सहयोग लिन सकिनेछ ।

१०. वन्यजन्तु ओसारपसारमा खटिने जनशक्तिलाई प्राथमिकतामा राखी वन्यजन्तुबाट घाइते भएको अवस्थामा तुरुन्त उपचारमा पठाउनु पर्नेछ ।

११. वन्यजन्तुलाई गाडीमा लोड गर्दा, ओसारपसार वा गाडीबाट निकाल्दा सावधानी अपनाउनु पर्नेछ।

१२. वन्यजन्तु ओसारपसार गर्ने समय धेरै लाग्ने भएमा बाटोमा खाना र पानीको व्यवस्था मिलाउनु पर्नेछ।

१३. वन्यजन्तु ओसार पसार गर्दा राष्ट्रियस्तरमा अपनाइएका विधि र प्रक्रियालाई अवलम्वन गर्नु पर्नेछ।

१४. माथि उल्लेख भएका व्यवस्थाको अतिरिक्त प्राविधिक दृष्टिकोणले उपयुक्त ठानिएका कुराहरु समावेश गर्न सकिनेछ ।

## अनुसूची-७

(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

## उद्दार गरिएका वन्यजन्तुको विवरण

| | | | |
|---|---|---|---|
| १. मितिः | | | |
| २. समस्याग्रस्त वन्यजन्तु बारे सूचना उपलब्ध गराउने ब्यक्ति, संस्था | नामः | सम्पर्क नं.: | ठेगानाः |
| ३. समस्याग्रस्त वन्यजन्तु बारे सूचना प्राप्त गर्ने ब्यक्ति, संस्था | नामः | सम्पर्क नं.: | ठेगानाः |
| ४. समस्याग्रस्त वन्यजन्तु प्रजाती | नामः | बच्चा ( ),<br>वयस्क ( ) | भाले ( ),<br>पोथी ( ) |
| ४. समस्याग्रस्त वन्यजन्तु रहेको स्थान | पालिकाको नामः | वडा नं.: | गाउँ, बस्तीको नामः |
| ५. सम्पर्क ब्यक्ति | आफै देखेको ( ) | अन्य ब्यक्तिबाट सुनेको ( ) | |
| ६. वन्यजन्तुको अवस्था | घाइते ( ) | मृत ( ) | बेहाश ( )<br>स्वस्थ ( ) |
| ७. उद्दार गरिएको स्थान | जङ्गल ( ) | खेतबारी ( ) | घर भित्र () गोठ भित्र ( ) |

## अनुसूची-८

(दफा १८ को उपदफा (४) सँग सम्बन्धित)

### उद्धार केन्द्रमा वन्यजन्तु प्राप्त भैसके पछि राख्नु पर्ने विवरण

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. उद्धार केन्द्रमा वन्यजन्तु ल्याएको मितिः | | | | समयः | | |
| २. उद्धार कर्ताहरुको नाम, ठेगानाः | | | | सम्पर्क नं.: | | |
| ३. समस्याग्रस्त वन्यजन्तु प्रजाती | नामः | ल्याएको स्थान, ठेगानाः | | | | |
| | उमेर समूह | बच्चा ( ) | वयस्क ( ) | लिङ्ग | भाले( ) | पोथी () |
| | अवस्था | घाइते ( ) | मृत ( ) | बेहोस ( ) | | स्वस्थ ( ) |
| ४. समस्याग्रस्त वन्यजन्तुको शारीरिक विवरण | लम्बाई (फिट) | उचाई (फिट) | | तौल (के. जी.) | | |
| ५. प्राथमिक उपचार गरेको भए | विवरण | | | | | |
| ६. कहाँ पठाउने | पुनः प्राकृतिक वासस्थानमा छोड्ने ( ) | | उद्धार केन्द्रमा राख्ने ( ) | | | |
| ७. उद्धार केन्द्रमा राख्नु पर्ने भए | होल्डिङ सेन्टर ( ) | | क्वारेन्टाइन सेन्टर ( ) | | आइसोलेशन सेन्टर ( ) | |

**अनुसूची-९**

(दफा १९ को उपदफा (२) सँग सम्बन्धित)

**<u>घाइते वा रोगी वन्यजन्तुहरुको उपचार र औषधीको विवरण</u>**

<table>
<tr><td>१. वन्यजन्तुको प्रजातीः</td><td colspan="2">घाइते ( )</td><td colspan="2">रोगी ( )</td><td colspan="2">केज नं.: ( )</td></tr>
<tr><td colspan="7">२. उपचार गर्ने प्राविधिकको नामः पदः सम्पर्क नं.:</td></tr>
<tr><td>३. उपचार शुरु गरेको</td><td colspan="2">मितिः</td><td colspan="4">समयः</td></tr>
<tr><td>४. उपचारमा प्रयोग भएको औषधी</td><td>नामः</td><td>मात्राः</td><td colspan="4">खुवाउने समयः</td></tr>
<tr><td rowspan="2">५. औषधी स्टक</td><td>खुवाउनु पर्ने दिन ( )</td><td>मौजुदा परिमाण ( )</td><td>आवश्यक परिमाण ( )</td><td colspan="2">पुग्छ ( )</td><td>पुग्दैन ( )</td></tr>
<tr><td>नपुग्ने भए</td><td colspan="2">खरिद गर्नु पर्ने परिमाण ( )</td><td colspan="3">लाग्ने समय ( )</td></tr>
<tr><td>६. उपचार पछि स्वास्थ्यमा आएको परिवर्तन</td><td colspan="6">विवरण</td></tr>
<tr><td>७. नयाँ निर्णय</td><td colspan="2">प्राकृतिक वासस्थानमा छोड्ने ( )</td><td>उपचार नियमित गर्ने ( )</td><td colspan="3">इन्क्लोजरमा पठाउने ( )</td></tr>
</table>

## अनुसूची-१०

(दफा २० को उपदफा (३) सँग सम्बन्धित)

**पुनः प्राकृतिक वासस्थानमा छोड्न लागिएको वन्यजन्तुको विवरण**

| | | | | |
|---|---|---|---|---|
| १. | वन्यजन्तुको प्रजातीको | नामः | भालेः | पोथीः |
| २ | उद्धार केन्द्रमा ल्याईएको | मितिः | छाड्न प्रस्तावित मितिः | |
| ३ | उद्धार केन्द्रमा ल्याउँदाको अवस्था | घाइते ( ) | रोगी ( ) | बुढो ( ) |
| ४ | उपचारको प्रकार | घाउ, चोटपटक ( ) | रोग ( ) | |
| ५ | उपचारमा लागेको समय | दिन ( ) | महिना ( ) | |
| ६ | छोड्न लागेको समयमा अवस्था | पूर्ण स्वस्थ ( ) | सुध्रिँदै गरेको ( ) | |
| ७ | थप विवरण | | | |

## अनुसूची-११

(दफा २२ को उपदफा (२) सँग सम्बन्धित)

**<u>वन्यजन्तुहरुको खाना, पोषणको विवरण</u>**

| क्र.सं. | वन्यजन्तु प्रजाती | इन्क्लोजर नं. | खाना, पोषणको नाम | खाना, पोषण खुवाउने समय, तालिका, परिमाण | | | मिति |
|---|---|---|---|---|---|---|---|
| | | | | दैनिक | हप्ता | मासिक | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |

## अनुसूची-१२

नियम)२३ को उपनियम )२(सँग सम्बन्धित (

**केन्द्रमा अवलोकन र अन्य क्रियाकलाप गर्दा लाग्ने शुल्क**

| क्र.स. | विवरण | शुल्क दर रु. |
|---|---|---|
| १ | प्रवेश शुल्क | |
| | १ १.स्वदेशी नागरिक प्रतिव्यक्ति | |
| | १० वर्ष मुनिका | २०/- |
| | १० वर्ष माथिका | ५०-/ |
| | १ २.सार्क मुलुकको नागरिक प्रतिव्यक्ति | |
| | १० वर्ष मुनिका | १००/- |
| | १० वर्ष माथिका | २००/- |
| | १ ३.अन्य विदेशी मुलुकको नागरिक प्रतिव्यक्ति | |
| | १० वर्ष मुनिका | २००/- |
| | १० वर्ष माथिका | ५००/- |
| | १ ४.विद्यार्थी प्रवेश शुल्क (विद्यालय लगायत अन्य शैक्षिक संस्थाबाट आधिकारिक पत्र सहित अध्ययन प्रयोजनको लागि प्रतिव्यक्ति) | २०-/ |
| २ | क्यामरा/डिजिटल क्यामरा (थान) | ५०-/ |
| ३ | भिडियो क्यामरा (थान) | २००-/ |
| ४ | ४.१ चलचित्र सुटिङ्/म्युजिक भिडियो तथा अन्य सुटिङ् | |
| | ४.२ सानो पर्दाको लागि (प्रतिदिन) | ५,०००/- |
| | ४.३ स्वदेशी लगानीको चलचित्र (निजी) (प्रतिदिन) | १०,०००-/ |
| | ४.४ स्वदेशी संयुक्त लगानीका चलचित्र (प्रतिदिन) | १५,०००-/ |
| | ४.५ सार्क मुलुकका लगानीका चलचित्र (प्रतिदिन) | २५,०००-/ |
| | ४.६ अन्य विदेशी लगानीका चलचित्र (प्रतिदिन) | ३०,०००-/ |

## अनुसूची-१३

(दफा २३ को उपदफा (३) सँग सम्बन्धित)

**पर्यटकहरुको विवरण**

| क्र.सं. | मिति | पर्यटक/आगन्तुकको नाम, थर | नेपाली/विदेशी* | | | | | उद्देश्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पूरुष | विद्यार्थी | अन्य | कूल संख्या | | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |
| | | | | | | | | | |

- नोटः विदेशी नागरिक भए पासपोर्ट नम्बर समेत उल्लेख गर्ने।

## अनुसूची-१४

(दफा २४ को उपदफा (४) सँग सम्बन्धित)

**<u>वन्यजन्तुलाई लठ्याउन डार्ट गर्दा अपनाउनु पर्ने प्रक्रियाहरु</u>**

१. समस्याग्रस्त वन्यजन्तुलाई नियन्त्रणमा लिनुभन्दा अगाडी सुरक्षाको दृष्टिकोणबाट मानिसलाई हानी नोक्सानी नहुने अवस्था हुन आवश्यक छ। लठ्याउने कार्य रुख/मचान/तालिम प्राप्त हात्ती/गाडी आदि माथि बसेर गर्नु पर्नेछ।

२. लठ्याउने कार्य वन्यजन्तुको आनीबानी थाहा पाएका पशु चिकित्सकको नेतृत्व र अनुभवी प्राविधिकले गर्नु पर्नेछ।

३. लठ्याउने कार्य पानीको स्रोत र भिरालो क्षेत्रमा नगरी समथर क्षेत्रमा पर्नेगरी गर्नु पर्नेछ।

४. डार्ट गर्नु पूर्व वन्यजन्तुको विवरण लिई अगाडि र पछाडि खुट्टाको मासु भएको भागमा गर्नु पर्नेछ।

५. वन्यजन्तु लट्ठ्याउने कार्य गर्दा सूर्योदय देखि सूर्यास्त भित्र सवै काम सकिने गरी गर्नु पर्नेछ।

६. वन्यजन्तु लट्ठ्याउने कार्य गर्दा र गरेपछि नापजांच गर्न चाहिने सम्पूर्ण औषधीहरु र औजारहरु पूर्व तयारी गर्नु पर्नेछ।

७. प्राविधिक टोलीले आफ्नो सुरक्षालाई ध्यान दिई वन्यजन्तु पूर्णरुपमा लठ्ठिएर नढलेसम्म नजिकबाट प्रत्येक गतिविधिको ख्याल गर्नु पर्नेछ। लठ्ठिनको लागि कम्तिमा १० देखि १५ मिनेट समय लाग्दछ। सो अवधिमा जनावरलाई कुनै किसिमको वाधा अवरोध नहुने व्यवस्था मिलाउनु पर्नेछ।

८. वन्यजन्तुको लठ्ठिएको वा बेहोस भएको अवधि भित्र सबै नापजांच लगायतका कामहरु सम्पन्न गरी सक्नु पर्नेछ।

९. काम सकिए पछि प्राविधिक टोलीले एण्टीडोट प्रयोग गर्नु पर्ने भएमा प्रयोग गरी सुरक्षित स्थानमा बसेर वन्यजन्तु बेहोसीबाट पूर्ण रुपमा ठीक भए नभएको हेर्नु पर्नेछ। उक्त वन्यजन्तु उठेर हिडी सकेपछि मात्र प्राविधिक टोली सतर्कताका साथ आफ्नो गन्तब्यतिर जानु पर्नेछ।

१०. यस सम्बन्धमा फिल्डमा खटिएको प्राविधिक टोलीको प्रमुखले अवस्था अनुसार स्थलगत रुपमै उपयुक्त निर्णय लिन सक्नेछ।

## अनुसूची-१५

(दफा २५ को उपदफा (५) सँग सम्बन्धित)

**उद्दारको क्रममा मृत्यु भएका वा मृत भेटिएका वन्यजन्तुको अभिलेख**

| क्र.सं. | वन्यजन्तु प्रजाती | लिङ्ग | उमेर | स्वास्थ्य अवस्था | उद्दार केन्द्रमा ल्याएको मिति | मृत्यु भएको मिति | मृत्युको कारण | ब्यवस्थापन गरेको विवरण (स्थान र ठेगाना) | विवरण तयार गर्ने | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |